**२०७९ साल भदौ १६ गते बिहिबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** स्वयंसेवक परिचालन कार्यविधि, २०७९ स्वीकृत गर्ने,

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम (संञ्चालन) कार्यविधि, २०७८ को पहिलो संशोधन प्रस्ताव स्वीकृत गर्ने,

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** करार कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने,

४. **अर्थ तथा सहकारी मन्त्रालयः** सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ स्वीकृत गर्ने,

५. **अर्थ तथा सहकारी मन्त्रालयः** सहकारी तथा गरिबी निवारण कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७९ स्वीकृत गर्ने,

६. **आन्तरिक मामिला, कानुन तथा संचार मन्त्रालयः** सूचना तथा संञ्चार प्रविधि प्रतिष्ठान, बुटवलका कार्यकारी निर्देशक श्री अनुप बाँस्कोटालाई पदबाट बर्खास्त गर्ने,

७. **कृषि तथा भूमि व्यवस्था मन्त्रालयः** जीवनाशक विषादी निरीक्षक नियुक्त गरी निजहरुको कार्यक्षेत्र मन्त्रालयलाई तोक्न जिम्मा दिने,

८. **पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालयः** लुम्बिनी प्रदेशको स्थायी राजधानी व्यवस्थापन तथा निर्माण आयोजना अन्तर्गतका संरचनाहरु निर्माण गर्ने कार्यका लागि प्रदेश राजधानी व्यवस्थापन तथा निर्माण आयोजनालाई लुम्बिनी प्रदेशको विशेष परियोजनाको रुपमा कायम गर्ने,

९. **महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयः** चुन्वाङ्ग संग्रहालय विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७९ स्वीकृति गर्ने,

१०. **महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयः** तिला जनयुद्ध संग्रहालय विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७९ स्वीकृति गर्ने,

११. **महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयः** पाल्पा दरबार संग्रहालय विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७९ स्वीकृति गर्ने,

१२. **शिक्षा तथा खेलकुद मन्त्रालयः** लुम्बिनी प्राविधिक विश्वविद्यालय (LTU) को अस्थायी संगठन संरचना स्वीकृत गर्ने।